बैठक संख्या -१३ (तेह्र)

आज मिति २०८३ साल जेठ ०६ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री वाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CamScanner

१५ कार्यपालिका सदस्य श्री यम कुमारी मगर — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१६ कार्यपालिका सदस्य श्री शर्मिला वि.क. — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१७ कार्यपालिका सदस्य श्री शान्ती तामाङ — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१८ कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली — सदस्य
रामेछाप नगरपालिका रामेछाप

१९ कार्यपालिका सदस्य श्री सविना मोक्तान — सदस्य
रामेछाप नगरपालिका रामेछाप

२० प्रमुख प्रशासकीय अधिकृत श्री भोलाप्रसाद चापागाईं — सदस्य सचिव
रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप

**छलफलका विषयहरु:**

१. अघिल्लो नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा ।
२. आगामी आ.व.०८३/०८४ को बजेट सिलिङ बाँडफाँड सम्बन्धमा ।
३. चालु आ.व.मा ठेक्कामा सञ्चालित योजनाको प्रगति पेश गर्ने सम्बन्धमा ।
४. चालु आ.व.०८२/०८३ को आर्थिक विवरण सम्बन्धमा ।
५. काठ लिलामका लागि न्यूनतम अंक स्वीकृत गर्ने सम्बन्धमा ।
६. आ.व.२०८३/८४ का लागि सूचितकृत बेरोज़गार व्यक्तिको नवीकरण सम्बन्धमा ।
७. पूर्णखोप सुनिश्चितता पालिका प्रमाणीकरण एवं घोषणा कार्यक्रम सम्बन्धमा ।
८. सेतो गुराँस राष्ट्रिय बालविकास सेवाको शैक्षिक सामग्री वितरण सम्बन्धमा ।
९. जनप्रतिनिधि/कर्मचारीहरुको आचारसंहिता स्वीकृत गर्ने सम्बन्धमा ।
१०. जग्गा वर्गीकरण सम्बन्धी मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा ।

(लवश्री न्यौपाने)
प्रमुख

रामेछाप नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामेछाप नगर रामेछाप बागमती प्रदेश, नेपाल

लवश्री न्यौपाने
नगर प्रमुख

निर्णय नं.१

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

रामेछाप नगरपालिकाको आ.व.२०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा विषयक्षेत्रगत रुपमा आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरण गरी मिति २०८२/०२/१७ गते भित्र सम्बन्धित विषयगत समिति मार्फत नगर कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

रामेछाप नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा ठेक्का प्रक्रियाबाट सञ्चालित १७ वटा आयोजनाहरुको हालसम्मको भौतिक तथा वित्तिय प्रगति अवस्थाका सम्बन्धमा बैठक समक्ष प्रस्तुत भयो । प्रस्तुत आयोजनाहरुको गुणस्तरीय ढंगले समयमा सम्झौता अवधि भित्र सम्पन्न गर्न सबै पक्षबाट आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को (२०८२/०४/०१-२०८३/०२/०५ सम्मको) आर्थिक विवरण बैठक समक्ष प्रस्तुत भयो । साथै उक्त विवरणलाई नगरपालिकाको Website मा राख्ने निर्णय गरियो ।

निर्णय नं. ५

रामेछाप नगरपालिका वडा नं.८ स्थित खड्गदल गणको मुल गेट देखि माथिल्लो गेट सम्म सडक छेउमा रहेका विभिन्न प्रजातिका १९ वटा जोखिमयुक्त रुखहरु हटाउने सन्दर्भमा नगर कार्यपालिकाको मिति २०८२/१०/२१ को बैठकको निर्णयानुसार डिभिजन वन कार्यालय रामेछापको प्राविधिक सहयोगमा ८ नं. वडा कार्यालयलाई कटान आदेश दिईएकोमा डिभिजन वन कार्यालयबाट उक्त स्थानका रुखहरु कटान, मुछान गरी ८ नं. वडा कार्यालयको परिसरमा घाटगद्दी गरी राखिएकोमा घाट गद्दी गरिएका गिण्डाको लगत/मूल्यांकन हुँदा २७२.७ क्यूफिट परिमाणका काठहरुको न्यूनतम मूल्य रु २७२७२.०५ र संकलन खर्च रु.१६३६३.२० कायम भई सो बमोजिम सार्वजनिक सूचना जारी गरी लिलाम विक्री प्रक्रिया अघि बढाउने सम्बन्धी फाईल पेश हुन आएकोमा डिभिजन वन कार्यालय रामेछापबाट मूल्यांकन भई कायम हुन आएको काठको मूल्य रु.२७२७२.०५ र संकलन खर्च रु.१६३६३.२० समेत गरी कुल रकम रु.४३६३५.२५ पैसालाई न्यूनतम मूल्य कायम गरी वन (तेस्रो संशोधन) नियमावली,२०८२ को नियम १० को उपनियम ३ को व्यवस्था अनुरुप कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गरी बढाबढमा लिलाम विक्री प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं.६

राष्ट्रिय रोजगार प्रवर्दन कार्यक्रम अन्तर्गत वेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ बमोजिम यस नगरपालिका भित्रका सबै वडाका वेरोजगार व्यक्तिहरुको निवेदन सहितको सूची संकलन भई रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ बमोजिम स्थानीय कार्यान्वयन समितिको मिति २०८३/०२/०५ गतेको बैठकबाट अनुमोदनका लागि कार्यपालिका समक्ष सिफारिस भई आएको नवीकरण र नयाँ सूचिकरण भएका ६१५ जना

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार रामेछाप
बागमती प्रदेश,नेपाल

CS CamScanner

वेरोजगार व्यक्तिहरुको सूची स्वीकृत गरी युवा, श्रम तथा रोजगार मन्त्रालयमा पठाउने निर्णय गरियो।

**निर्णय नं.७**

नेपाल सरकारद्वारा सञ्चालन गरिएको राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत रामेछाप नगरपालिका भित्रका १६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरुले १५ महिना भित्र पाउनु पर्ने सबै खोपहरु पाएको सुनिश्चित भएको तथा पूर्ण खोप दीगोपना कायम रहेको हुँदा रामेछाप नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

सेतो गुराँस राष्ट्रिय बालविकास सेवासँगको स्रोत साझेदारीमा प्रारम्भिक बालविकास तर्फ यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयका कक्षा २ र ३ का लागि भित्री कक्षा व्यवस्थापन तथा बाहिरी खेल सामग्रीहरु सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएका विद्यालयहरुमा वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

रामेछाप नगरका नागरिकहरुलाई नजिकबाट गर्नुपर्ने सेवा प्रवाह र स्थानीय आवश्यकता बमोजिम विकास निर्माणका कार्यलाई अझ बढी स्वतन्त्र, निष्पक्ष, वस्तुनिष्ठ, समन्यायिक, सन्तुलित, पारदर्शी र प्रभावकारी बनाउने उदेश्यले नगरपालिकाका कर्मचारीहरुले पालना गर्नुपर्ने पदीय एवं पेशागत आचरणका सम्बन्धमा प्रस्तावित **रामेछाप नगरपालिकाको कर्मचारी आचार संहिता,२०८३** माथि आवश्यक छलफल गरी कार्यपालिका समक्ष पेश गर्न संस्थागत तथा सुशासन समितिमा पठाइएकोमा सुशासन तथा संस्थागत समितिबाट प्राप्त हुन आएको **रामेछाप नगरपालिकाको कर्मचारी आचार संहिता,२०८३** स्वीकृतिका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त हुन आएको रामेछाप नगरपालिकाको आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन बैठक समक्ष प्रस्तुत गरी विस्तृत छलफल भयो । उक्त प्रतिवेदनमा औंल्याईएका विषयहरुमा दफावार छलफल गरी बेरुजु फछ्र्यौटको प्रभावकारी कार्ययोजना तयार गरी निर्णय सहित आगामी कार्यपालिका बैठक समक्ष पेश गर्न लेखा समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

रामेछाप नगरपालिकाको आ.व ०८२/०८३ को वडा स्तरीय स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहाय अनुसारका योजना/कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

देहाय

| सि.नं. | विनियोजन भएको कार्यक्रम | श्रोत | रकम | शंसोधन कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | १९.२७ मेयरसँग जेष्ठ नागरिक कार्यक्रम (जेष्ठ नागरिकहरूको वडा तथा नगर सञ्जाल गठन) | राजश्व बाँडफाँड-संघीय सरकार | ७००००० | वडा नं. ६ को नयाँ स्वास्थ्य चौकी जाने सडक निर्माण | २००००० |
| २ | २५.७ सार्वजनिक शौचालय निर्माण | संघीय समानीकरण अनुदान | ५००००० | सिमलभञ्ज्याङ्ग सडक विस्तार वडा नं. ५ | ५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | २४.१३ सार्वजनिक शौचालयको पुरानो भुक्तानी बाँकी | संघीय समानीकरण अनुदान | ५००००० | मानेडाँडा तामाङ्गटोल भोर्ले ल्याण्डफिल्ड साइट सडक पहिरो व्यवस्थापन वडा नं. ८ | ५००००० |
| ४ | १०.३० कार्यक्रम खर्च | राजश्व बाँडफाँड-प्रदेश सरकार | ७००००० | विपद् व्यवस्थापनमा थप | १३००००० |
| ५ | १०.१७ निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार खर्च | राजश्व बाँडफाँड-संघीय सरकार | ३००००० | अन्य सार्वजनिक निर्माणमा थप | १००००० |
| ६ | १९.१० नारी दिवस (विभिन्न विधामा उत्कृष्ट महिलाहरुलाई सम्मान समेत) | राजश्व बाँडफाँड-संघीय सरकार | २००००० | खोल्मा गाँउ देखि कान्छी बजार सम्म सडक स्तरोन्नती वडा नं. १ | १०००००० |
| ७ | २४.११ सेतो गुराँस साझेदारीका कार्यक्रमहरु | संघीय समानीकरण अनुदान | २००००० | सेवाग्राही सन्तुष्टी सर्भेक्षण | १५०००० |
| ८ | २१.८ असल अभ्यासको अध्ययन अवलोकन भ्रमण (जनप्रतिनिधि/कर्मचारी) | राजश्व बाँडफाँड-संघीय सरकार | ५००००० | स्थानीय विपद् तथा जलवायु अनुकूलन कार्ययोजना | २००००० |
| ९ | १३.९ बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई बाँसको कप बनाउने सीप विकास तालिम | राजश्व बाँडफाँड-संघीय सरकार | ५००००० | वडा कार्यालयमा ई हाजिरी व्यवस्थापन | २००००० |
| १० | १९.२९ मानव सेवा आश्रम तथा विभिन्न संघ सस्थासँग साझेदारी कार्यक्रम संचालन | आन्तरिक श्रोत | १००००० | न्यायिक समिति पदाधिकारीहरूलाई पहिचान कार्यक्रम | २५००० |
| ११ | १९.१६ आधारभूत शिक्षा पश्चात् विद्यालय शिक्षाबाट बञ्चित भएका बालवालिकाहरुका लागि जीवन उपयोगी सीपमूलक तालिम | राजश्व बाँडफाँड-संघीय सरकार | १५०००० | मेलमिलापकेन्द्र व्यवस्थापन | १७०००० |
| १२ | २१.४ नगर भिडियो डकुमेन्ट्री निर्माण (बालमैत्री समेत) | आन्तरिक श्रोत | ५००००० | १९.१८ गृहिणी महिला सशक्तीकरण कार्यक्रममा विउपुँजी | २५०००० |
| १३ | १७.१५ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता (पालिका, क्लोज क्याम्प, जिल्लास्तर) | आन्तरिक श्रोत | ४००००० | १०.०६ बैठक भत्ता | ३००००० |
| १४ | २०.५ मेलमिलापकर्ताहरूको पहिचान कार्यक्रम | राजश्व बाँडफाँड-प्रदेश सरकार | २५००० | | |
| १५ | २०.७ डिजिटल सफ्टवेयर जडान | राजश्व बाँडफाँड-संघीय सरकार | १३०००० | | |
| १६ | २०.२ मेलमिलापकर्तालाई मुद्दा मिलापत्र खर्च | राजश्व बाँडफाँड-प्रदेश सरकार | ४०००० | | |
| १७ | १९.१९ गृहिणी महिला सशक्तीकरण कार्यक्रमका लागि सिप विकास तालिम संचालन (सामाजिक विकास कार्यालयसँग साझेदारी) | राजश्व बाँडफाँड-संघीय सरकार | २५०००० | | |
| जम्मा | | | ५६९५००० | | ५६९५००० |

**निर्णय नं. ११**

साविक जिल्ला कृषि विकास कार्यालय, रामेछापको नाममा रहेको यस नगरपालिका वडा नं.८ स्थित कि.नं.२४७ को ३-९-१/४ क्षेत्रफलको जगगामा निर्मित संरचनाहरु यस नगरपालिकाले प्रयोग गर्ने गरी मिति २०७४/१२/०८ मा जिल्ला कृषि विकास कार्यालयबाट हस्तान्तरण भई आएको र उक्त जगगामा सोही समय देखि नै ८ नं. वडा कार्यालय भवन निर्माण भई सेवा प्रवाह भई आएको र तत पश्चात घरेलु कार्यालयको स्रोत साझेदारीमा कोसेली घर निर्माण भएको, जुनार जोनसँग सम्बन्धित कार्यालय सञ्चालनमा

रहेको र सोही परिसरमै ब्याडमिन्टन कोर्ट समेत निर्माण भई सञ्चालन भई रहेको अवस्था छ ।यसै सन्दर्भमा चालु आ.व.२०८२/०८३ मा सामाजिक विकास मन्त्रालय धुलिखेल काभ्रेपलाञ्चोकबाट सोही वडा कार्यालयको परिसरमा ब्याडमिन्टन मिनि कवर्डहल निर्माण कार्यका लागि रु.९,००,००० बजेट विनियोजन भएकोमा उक्त योजना यस नगरपालिकाको खेलकुद विकासको क्षेत्रमा अति आवश्यक भएको र योजना निर्माण गरिने जग्गा साविक कृषि विकास कार्यालयको नाममा भएता पनि मिति २०७४/१२/०८ देखि नै यस कार्यालय मातहत प्रयोग/भोगचलनमा रही रहेको हुँदा सो जग्गामा मिनि कवर्डहल निर्माण गर्न यस नगरपालिकाको सहमति रहेको वेहोरा सामाजिक विकास मन्त्रालय काभ्रेपलाञ्चोकमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

रामेछाप नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा तपशिलमा उल्लेखित कार्यक्रमका लागि पुँजीगत खर्च शिर्षकबाट प्राप्त हुन कन्टेन्जेन्सी रकमबाट खर्च वेहोरिने गरी बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**देहाय**

१. चायाखर्क बिसौली खोला लिफ्ट खानेपानी योजना डिपिआर निर्माण, वडा नं. ६ रू.५,००,०००।-

२. घट्टेखोला खानेपानी आयोजना डिपिआर निर्माण, वडा नं. ७ रू. ५,००,०००।-

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

............................
भोलाप्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

............................
लवश्री न्यौपाने
प्रमुख

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

लवश्री न्यौपाने
नगर प्रमुख